# पूर्वाञ्चल विश्वविद्यालय

गोठगाँऊ, मोरङ्ग, नेपाल

## व्यवस्थापन संकाय

# छात्रवृति तथा छात्रवृति प्रवेश परीक्षा विनियमावली २०७९

## पूर्वाञ्चल विश्वविद्यालय

गोठगाँऊ, मोरङ्ग, **नेपाल**

# छात्रवृति तथा छात्रवृति प्रवेश परीक्षा विनियमावली २०७९

पूर्वाञ्चल बिश्वबिद्यालय व्यवस्थापन संकाय अन्तगर्त संचालित विभिन्न शैक्षिक कार्यक्रमहरूको छात्रवृति एवं छात्रवृति प्रवेश परीक्षालाई व्यवस्थित एवं संस्थागत गर्न आवश्यक भएकोले तयार गरिएको पूर्वाञ्चल बिश्वबिद्यालय व्यवस्थापन संकायको **छात्रवृति एवं छात्रवृति प्रवेश परीक्षा २०७९** यस प्रकार रहेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो विनियामावलीको नाम छात्रवृति एवं छात्रवृति प्रवेश परीक्षा २०७९ रहनेछ ।

(ख) यो विनियमावली शैक्षिक सत्र २०७९/०८० देखि लागु हुनेछ ।

**२. परिभाषा:** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा:

१."विनियमावाली" भन्नाले पूर्वाञ्चल विश्वविद्यालय व्यवस्थापन संकायको छात्रवृति तथा छात्रवृति प्रवेश परीक्षा विनियमावली २०७९ भन्ने जनाउनेछ ।

२."छात्रवृति" भन्नाले पूर्वाञ्चल विश्वविद्यालय व्यवस्थापन संकायले विद्यार्थीहरुलाई प्रदान गर्ने जेहेन्दार छात्रवृति र आरक्षित छात्रवृति जनाउनेछ ।

३. "जेहेन्दार छात्रवृति" भन्नाले विश्वविद्यालयबाट संचालित छात्रवृति प्रवेश परीक्षामा नियमानुसार कायम हुने योग्यताक्रम (Merit List) को आधारमा उच्चतम अंकको आधारमा विद्यार्थीहरुले पाउने छात्रवृतिलाई जनाउनेछ ।

४. "आरक्षित छात्रवृति" भन्नाले नेपाल सरकारले तोकेबमोजिमको मापदण्डमा रही पछाडी परेका वर्ग, क्षेत्र, जात-जाति, लिङ्ग आदिलाई उपलब्ध गराईने छात्रवृतिलाई जनाउनेछ ।

५."छात्रवृति प्रवेश परीक्षा" भन्नाले पूर्वाञ्चल विश्वविद्यालय व्यवस्थापन संकायले संचालन गर्ने छात्रवृति प्रवेश परीक्षा लाई जनाउनेछ ।

६.'छात्रवृति प्रवेश परीक्षा समिति' भन्नाले पूर्वाञ्चल विश्वविद्यालय व्यवस्थापन संकायको छात्रवृति प्रवेश परीक्षा संचालनको लागि गठन गरिएको समिति जनाउनेछ ।

७.'योग्यता क्रम' (Merit List) भन्नाले छात्रवृति प्रवेश परीक्षामा प्राप्त प्राप्तांक अनुसार सबैभन्दा बढी अंक ल्याउने लाई पहिलो क्रममा राखी तयार गरिएको बिद्यार्थीहरूको सूची (List) लाई जनाउनेछ ।

८."स्नातक तह" भन्नाले पूर्वाञ्चलविश्वविद्यालय व्यवस्थापन संकाय अन्तर्गत संचालित स्नातक तहका शैक्षिंक कार्यक्रमहरू जनाउनेछ ।

९."स्नातकोत्तर" तह भन्नाले पूर्वाञ्चल विश्वविद्यालय व्यवस्थापन संकाय अन्तर्गत संचालित स्नातकोत्तर तहका शैक्षिक कार्यक्रमहरू जनाउनेछ ।

१०.'कलेज' भन्नाले पू.वि.व्यवस्थापन संकाय अन्तर्गत आन्तरिक तथा सम्बन्धन प्राप्त स्कूल/कलेज/क्याम्पसलाई जनाउनेछ ।

११.'डीन' भन्नाले संकायको डीन भन्ने जनाउनेछ ।

१२.'संकाय' भन्नाले पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतका संकाय जनाउनेछ ।

१३.विश्वविद्यालय' भन्नाले पूर्वाञ्चल विश्वविद्यालय लाई जनाउनेछ ।

### ३. छात्रवृति प्रवेश परीक्षाको फाराम तथा आवश्यक कागजात सम्बन्धमा

(क) संकायबाट लिइने छात्रवृति प्रवेश परीक्षाको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिका वा संकायको वेवसाइटमा प्रकाशित गरिने छ ।

(ख) संकायबाट भएको छात्रवृति प्रवेश परीक्षाको सूचना अनुसार बिद्यार्थिहरुले शैक्षिक कार्यक्रम छनौट गरि फारम भर्नु पर्ने छ ।

(ग) प्रबेश परीक्षामा फारम भर्ने बिद्यार्थीहरूको योग्यता पुगे नपुगेको, आबश्यक कागजातहरु दुरूस्त भए नभएको पूर्ण जाँच गरि सम्बनधित छात्रवृति प्रवेश परीक्षा समितिले रूजु गरेको हुनुपर्नेछ । विश्वविद्यालयले तोकेको मापदण्ड तथा न्यूनतम योग्यता अनुसार फारम भरेको नभएमा उक्त फारम स्वतः खारेज (अस्वीकृत) हुनेछ र सोको जिम्मेवारी स्वयम् सम्बन्धित परीक्षार्थीको हुनेछ ।

(घ) सम्बन्धित परीक्षार्थीले अध्ययन गर्न चाहेको शैक्षिक कार्यक्रमका लागि आवश्यक न्यूनतम योग्यता पुरा गरेको हुनु पर्ने छ ।

(ङ) आरक्षणकोटामा फारम भर्न चाहने विद्यार्थीले उक्त फारममा आरक्षणको वर्ग उल्लेख गर्नु पर्नेछ ।.

### ४. छात्रवृतिको प्रकार

संकायले निम्न प्रकारको छात्रवृति उपलब्ध गराउनेछ :

**क) जेहेन्दार छात्रवृति**

**ख) आरक्षित छात्रवृति**

**क) जेहेन्दार छात्रवृतिः**

**अ.** प्रत्येक कलेजको स्वीकत सीट संख्या तथा प्रति सेक्सनको आधारमा सेमेष्टर प्रणाली बमोजिम संचालित स्नातक तहको शैक्षिक कार्यक्रममा २ जना र स्नातकोत्तर तहको शैक्षिक कार्यक्रममा १ जना एवं वार्षिक प्रणाली बमोजिम संचालित स्नातक तहको शैक्षिक कार्यक्रमा ३ जना विद्यार्थीहरुलाई जेहेन्दार छात्रवृति उपलब्ध गराईनेछ । जेहेन्दार छात्रवृति पाउने विद्यार्थीले आफुले अध्ययन गर्न चाहेको कलेज चयन गर्न सक्नेछन । विद्यार्थीले अध्ययनका लागि कलेज चयन गरिसेकपछि संकाय डीन कार्यालयबाट सम्बन्धित कलेजलाई सो को जानकारी गराउनेछ । जेहेन्दार छात्रवृति पाई प्रथम पटक अध्ययन गर्न चाहेको कलेज चयन भई कलेजलाई समेत जानकारी गराई सकेपछि विद्यार्थीले कलेज स्थान्तरण गर्न पाउने छैन । कलेज स्थान्तरण गर्न चाहने विद्यार्थी ले जेहेन्दार छात्रवृति पाउने छैन र विश्वविद्यालयको नियमानुसार तोकेको शुल्क तिरी सामान्य विद्यार्थी सरह अन्य कलेजमा विश्वविद्यालयको नियमानुसार स्थान्तरण गरी अध्ययन गर्न भने सक्नेछ ।

पूर्वाञ्चल विश्वविद्यालय व्यवस्थापन संकायबाट लिइने छात्रवृति प्रवेश परीक्षामा उच्चतम अंक प्राप्त गर्ने योग्यताक्रममा रहेका विद्यार्थीलाई सेमेष्टर प्रणाली अनुसार संचालित स्नातकोत्तर तहको शैक्षिक कार्यक्रमको पहिलो वर्षको प्रथम सेमेष्टरमा र स्नातक तहको शैक्षिक कार्यक्रमको पहिलो वर्षको प्रथम र दोस्रो सेमेष्टरहरुमा एवं वार्षिक प्रणाली अनुसार संचालित हुने स्नातक तहको शैक्षिक कार्यक्रमको प्रथम वर्षमा मात्र जेहेन्दार छात्रवृति उपलब्ध गराईनेछ ।

सेमेष्टर/वार्षिक प्रणाली बमोजिम संचालित हुने स्नातकोत्तर/स्नातक तहको शैक्षिक कार्यक्रमहरुको अन्य सेमेष्टर/वर्षहरुको हकमा पूर्वाञ्चल विश्वविद्यालय परीक्षा व्यवस्थापन कार्यालयबाट लिइने सेमेष्टर/वार्षिक परीक्षामा उच्चतम अंक ल्याउने विद्यार्थीलाई उपलब्ध गराइनेछ ।

**ख) आरक्षित छात्रवृतिः**

**अ.** प्रत्येक कलेजको स्वीकत सीट संख्या तथा प्रति सेक्सनको आधारमा सेमेष्टर प्रणाली बमोजिम संचालित स्नातक तहको शैक्षिक कार्यक्रममा ३ जना र स्नातकोत्तर तहको शैक्षिक कार्यक्रममा २ जना एवं वार्षिक प्रणाली बमोजिम संचालित स्नातक तहको शैक्षिक कार्यक्रमा ३ जना विद्यार्थीहरुलाई आरक्षित छात्रवृति उपलब्ध गराईनेछ । आरक्षित छात्रवृति पाउने विद्यार्थीले आफुले अध्ययन गर्न चाहेको कलेज चयन गर्न सक्नेछन । विद्यार्थीले अध्ययनका लागि कलेज चयन गरिसेकपछि संकाय डीन कार्यालयबाट सम्बन्धित कलेजलाई सो को जानकारी गराउनेछ । आरक्षित छात्रवृति पाई प्रथम पटक अध्ययन गर्न चाहेको कलेज चयन भई कलेजलाई समेत जानकारी गराई सकेपछि विद्यार्थीले कलेज स्थान्तरण गर्न पाउने छैन । कलेज स्थान्तरण गर्न चाहने विद्यार्थी ले आरक्षित छात्रवृति पाउने छैन

र विश्वविद्यालयको नियमानुसार तोकेको शुल्क तिरी सामान्य विद्यार्थी सरह अन्य कलेजमा विश्वविद्यालयको नियमानुसार स्थान्तरण गरी अध्ययन गर्न भने सक्नेछ ।

**आ.** आरक्षित छात्रवृतिमा आवेदन गर्नका लागि तपसिल बमोजिमका समुहले नेपाल सरकारको सम्बन्धित निकायबाट आरक्षणको समुह भित्र पर्ने स्पष्ट विवरण सहितको प्रमाणपत्र पेश गरी प्रतिस्पर्धा गर्न सक्नेछनः
(I) दलित (II) जनजाति (III) दुर्गम (IV) अपाङ्ग (V) महिला (VI)विपन्न वर्ग (VII) बेपत्ता पारिएका तथा शहिद परिवार (VIII) जनआन्दोलन तथा मदेश आन्दोलनका घाइते (IX) मधेसी (X)मुसलमान (XI)द्वन्द पिडित तथा विस्थापित (XII)पूर्व कमैया/हलिया

**इ.** आरक्षित छात्रवृतिको मूल्याङ्कन भार १०० हुनेछ र उक्त वर्गिकरण निम्न बमोमिज हुने छ ।

स्नातक तहको शैक्षिक कार्यक्रमको लागि

| | |
|---|---|
| - प्रवेश परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कःको मूल्याङ्कन भार | १५% |
| - अन्तर्वार्ता मूल्याङ्कन भार : | १०% |
| - SEE/SLC वा सो सरहको परीक्षाको मूल्याङ्कन भार | ५% |
| - +2 वा प्रविणता प्रमाणपत्र वा सो सरहको परीक्षाको मूल्याङ्कन भार | १०% |
| - नेपालको सामुदायिक विद्यालयबाट SEE/SLC वा सो सरहको परीक्षा उतिर्ण गरेको मूल्याङ्कन भार | ५% |
| - नेपालको सरकारी कलेजबाट +2 वा प्रविणता प्रमाणपत्र वा सो सरहको परीक्षा उतिर्ण मूल्याङ्कन भार | ५% |
| - महिलाको लागि मूल्याङ्कन भार | १०% |
| - दलित/आदिवासी/जनजाति/मधेसी/मुसलमान आदीको लागि मूल्याङ्कन भार | १०% |
| - पिछडिएको दुर्गम क्षेत्रको विद्यार्थीको लागि मूल्याङ्कन भार | १०% |
| - पूर्व कमैया/हलिया/विपन्न वर्गको विद्यार्थीको लागि मूल्याङ्कन भार | १०% |
| - बेपत्ता पारिएका व्यक्ति तथा शहिद परिवार/अपाङ/जन आन्दोलन एवं मधेश जनआन्दोलनमा घाईत परिवार/द्वन्द पिडित परिवार/विस्थापित परिवारका विद्यार्थीको लागि मूल्याङ्कन भार | १०% |
| कुल मूल्याङ्कन भार | १००% |

स्नातकोत्तर तहको शैक्षिक कार्यक्रमको लागि

| | |
|---|---|
| - प्रवेश परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कःको मूल्याङ्कन भार | १०% |
| - अन्तर्वार्ता मूल्याङ्कन भार : | १०% |
| - SEE/SLC वा सो सरहको परीक्षाको मूल्याङ्कन भार | ५% |
| - +2 वा प्रविणता प्रमाणपत्र वा सो सरहको परीक्षाको मूल्याङ्कन भार | ५% |
| - नेपालको सामुदायिक विद्यालयबाट SEE/SLC वा सो सरहको परीक्षा उतिर्ण गरेको मूल्याङ्कन भार | ५% |
| - नेपालको सरकारी कलेजबाट +2 वा प्रविणता प्रमाणपत्र वा सो सरहको परीक्षा उतिर्ण मूल्याङ्कन भार | ५% |
| - स्नातक तह वा सो सरहको परीक्षाको मूल्याङ्कन भार | ५% |
| - नेपालको सामुदायिक विद्यालयबाट स्नातक सो सरहको परीक्षा उतिर्ण गरेको मूल्याङ्कन भार | ५% |
| - महिलाको लागि मूल्याङ्कन भार | १०% |
| - दलित/आदिवासी/जनजाति/मधेसी/मुसलमान आदीको लागि मूल्याङ्कन भार | १०% |
| - पिछडिएको दुर्गम क्षेत्रको विद्यार्थीको लागि मूल्याङ्कन भार | १०% |
| - पूर्व कमैया/हलिया/विपन्न वर्गको विद्यार्थीको लागि मूल्याङ्कन भार | १०% |
| - बेपत्ता पारिएका व्यक्ति तथा शहिद परिवार/अपाङ्ग/जन आन्दोलन एवं मधेश जनआन्दोलनमा घाईत परिवार/द्वन्द पिडित परिवार/विस्थापित परिवारका विद्यार्थीको लागि मूल्याङ्कन भार | १०% |
| कुल मूल्याङ्कन भार | १००% |

**५. छात्रवृति सम्बन्धी व्यवस्था**

(क) संकायले विश्वविद्यालयको आंगिक एवं सम्बन्धन प्राप्त कलेजहरुले पाएको कुल स्वीकृत सिट संख्या सहितको पूर्ण विवरण राष्ट्रिय स्तरको पत्रिका/संकायको वेवसाइटमा प्रकाशन गरिने छ र संकायले सूचनामा उल्लेख गरे बमोजिमको संख्यामा छात्रवृतिको लागि विद्यार्थीले आवेदन दिन सक्नेछ ।

**६. प्रवेश परीक्षा समिति**

पू. वि. कार्यकारी परिषदले प्रवेश परीक्षा संचालनका लागि सम्बन्धित संकायको डीन वा डीनले सिफारिस गरेको व्यक्तिको संयोजकत्वमा पांच सदस्य रहने गरी प्रवेश परीक्षा समिति गठन गर्नेछ । प्रवेश परीक्षा संचालन एव. परीक्षाफल प्रकाशन डीन कार्यालयबाट संचालन हुनेछ । प्रवेश परीक्षा समितिले आवश्यकता अनुसार विज्ञहरू र कर्मचारीहरू समेत रहने गरी विभिन्न उपसमिति गठन गरी कार्य गर्न सक्नेछ । विज्ञहरू र कर्मचारीहरूलाई यस विनियमावलीको अनुसूचीमा उल्लेख भए अनुसारको पारिश्रमिक उपलब्ध गराइनेछ ।

**७.प्रवेश परीक्षाको मिति, समय तथा केन्द्र**

(क) प्रवेश परीक्षाको केन्द्र, मिति, समय र स्थान प्रवेश परीक्षा समितिको निणर्य बमोजिम हुनेछ ।

(ख) परीक्षार्थीहरूले डीन कार्यालयबाट जारी गर्ने प्रवेश पत्र (Admit Card) को साथमा नेपाल सरकारबाट जारी गरिएको परीक्षार्थीको फोटो सहितको विवरण खुलेको नागरिकता वा सवारीचालक अनुमतिपत्र वा राष्ट्रिय परिचय पत्रको सक्कल प्रति सहित परीक्षमा उपस्थित हुनु पर्ने छ, अन्यथा प्रवेश परीक्षामा सहभागी गराइने छैन ।

**८. छात्रवृतिको समयावधी एवं बुझाउनु पर्ने शुल्कहरुको सम्बन्धमा :**

(क) छात्रवृतिको सूचीमा परेका परीक्षार्थीले विश्वविद्यालयको आंगिक एवं सम्बन्धन प्राप्त कलेजहरुमा तोकिएको छात्रवृति सिट सख्याको आधारमा तोकिएको बुंदाहरुको परिधिभित्र रहि तोकिएको समायावधी भित्र विश्वविद्यालयको नियमानुसार उपलब्ध गराउने छात्रवृतिको सुविधा प्राप्त गर्ने छ

(ख) आरक्षित छात्रवृतिको हकमा विद्यार्थीले विश्वविद्यालयको नियमानुसारको परीक्षा शुल्क र रजिष्ट्रेशन शुल्क बाहेक अन्य कुनै किसिमको शुल्क कलेजलाई बुझाउनु पर्ने छैन ।

(ग) जेहन्दार छात्रवृतिको हकमा विद्यार्थीले कलेजले तोकेको शिक्षण शुल्क बरावरको रकम मात्र छात्रवृति स्वरुप पाउने छन । जेहेन्दार छात्रवृति पाउने विद्यार्थीले विश्वविद्यालयको नियमानुसार तोकिएको परीक्षा शुल्क र रजिष्ट्रेशन शुल्क बुझाउनु पर्ने छ ।

(घ) आरक्षित र जेहन्दार छात्रवृतिमा विद्यार्थी अध्यापन गराउने कलेजले छात्रवृति पाएका विद्यार्थीहरुको सम्बन्धन शुल्क तिर्नं पर्ने छैन ।

(च) पाठ्यक्रमको आधारमा संचालन गर्नंपर्ने अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक परीक्षा, प्रयोगात्मक कक्षा, तालिम तथा इन्टर्नसिप एवं कलेजले तोकेको कार्यक्रम एवं क्रियाकलापहरमा कलेजले तोकेबमोजिमको शुल्क आरक्षित एवं जेहेन्दार दुवै किसिमका छात्रवृति पाएका विद्यार्थीले पनि बुझाउनु पर्ने छ ।

**९.प्रवेश परीक्षा नतिजा प्रकाशन बिधी**

(क) छात्रवृति प्रवेश परीक्षा उत्तीर्ण गर्न स्नातक तहको हकमा कुल पूर्णाङ्कको न्युनतम **३३%** अंक प्राप्त गरेको हुनुपर्नेछ र स्नातकोत्तरको हकमा कूल पूर्णाङ्कको न्युनतम ४०% अंक प्राप्त गरेको हुनुपर्नेछ ।

(ख) परीक्षार्थीहरूले छात्रवृति प्रवेश परीक्षामा प्राप्त गरेका कुल प्राप्तांक बराबर भएमा निजहरूको १ तह मुनिको शैक्षिक कार्यक्रमको ट्रान्सक्रिप्टमा उल्लेख रहेको प्राप्तांकको CGPA वा प्रतिशतको आधारमा योग्यताक्रमको सूची प्रकाशित गरिनेछ ।

**१०. प्रवेश परीक्षाको अंकभार सम्बन्धी व्यवस्था**

(क) प्रवेश परीक्षामा सबै तहमा बस्तुगत (Objective) प्रश्नहरू १०० अंकको सोधिने छ ।

(ख) स्नातक र स्नातकोत्तर दुवै तहको हकमा निम्न अनुसार अंक बिभाजन हुनेछ ।

| *वस्तुगत प्रश्नहरुको अंकभार* | |
|---|---|
| विषय | अङ्कभार |
| English | ३० |
| Math | ३० |
| General Management/Account | २० |
| G.K./Aptitude test | १० |
| Basic Computer | १० |

**.११. बिद्यार्थी भर्ना सम्बन्धी व्यवस्थाः**

पूर्वाञ्चल विश्वविद्यालयको व्यवस्थापन संकाय अन्तर्गतको स्नातक र स्नातकोत्तर तहको कुनै पनि शैक्षिक कार्यक्रममा भर्ना हुन चाहने बिद्यार्थीले अनिवार्य रूपमा संकायद्वारा संचालित प्रवेश परीक्षा उत्तिर्ण गरेको हुनु पर्नेछ ।

**१२ .प्रवेश परीक्षामा सम्मिलित हुन चाहिने न्युनतम योग्यताः**

पूर्वाञ्चल विश्वविद्यालयको व्यवस्थापन संकाय अन्तर्गतको स्नातक र स्नातकोत्तर तहको कुनै पनि शैक्षिक कार्यक्रमको प्रवेश परीक्षामा सम्मिलित हुन चाहने परीक्षार्थीको न्यूनतम योग्यता विश्वविद्यालयले तोके बमोजिम हुने छ ।

स्नातक र स्नातकोत्तर दुवै तहको प्रवेश परीक्षाको वस्तुगत प्रश्नहरुको लागि विद्यार्थीले अध्ययन गर्नुपर्ने Syllabus एवं प्रवेश परीक्षाको फारामको ढांचा, प्रश्नपत्र ढांचा, एवं मूल्याङ्कनको ढांचा पू.वि.व्यवस्थापन संकाय डीन कार्यालयले तोके बमोजिम हुने छ ।

अनुसची १

## PURBANCHAL UNIVERSITY

## FACULTY OF MANAGEMENT

# प्रवेश परीक्षाका परीक्षार्थीहरुलाई निर्देशन

१) परीक्षार्थीहरूले परीक्षा दिन आउदा आफ्नो प्रिन्ट गरेको प्रवेशपत्र साथै आफ्नो परिचय खुल्ने सक्कल नागरिकता वा सबारीचालक अनुमतिपत्र वा राष्ट्रिय परिचय पत्र अनिवार्य रूपमा लिएर आउनुपर्नेछ

२) परीक्षार्थीहरूले केन्द्राध्यक्षद्रारा निर्देशित सीट-प्लान अनुसार तोकिएको स्थानमा बस्नु पर्नेछ ।

३) परीक्षा सञ्चालनका लागि केन्द्राध्यक्ष, निरीक्षकहरूद्धारा गरिएका निर्देशनहरू परीक्षार्थीको कर्तव्य हुनेछ । कर्तव्य पालन नगर्ने परीक्षार्थीलाई निष्काशन तथा निजको परीक्षा रद्द गर्न समेत सकिनेछ ।

४) प्रवेश परीक्षा प्रारम्भ भएको ३० मिनेट बढी ढिलो गरी परीक्षा दिन आउने परीक्षार्थीलाई परीक्षामा सम्मिलित गराइने छैन ।

५) परीक्षार्थीहरूले परीक्षा हलमा पुस्तक, नोट, चिट, मोबाइल फोन, स्मार्ट घडि, प्रोग्रामेवल क्याल्कुलेटर, पर्स, पकेट कम्प्युटर, आदि निषेधित वस्तुहरू साथमा राख्न पाउने  छैन । परीक्षार्थीले सामान्य साइन्टीफिक क्यालकुलेटर प्रयोग गर्न पाउने छन् ।

६) परीक्षार्थीहरूले परीक्षा कोठामा हल्लागर्ने, एक आपसमा कुराकानी गर्ने, एक अर्काको प्रश्नपत्ररउत्तरपुस्तिका देखाउन र सांकेतिक रूपमा सम्पर्क राख्न पाउने छैन । यस्ता क्रियाकलापहरू गरिएको पाइएमा परीक्षाबाट निष्कासन गरिनेछ ।

७) परीक्षार्थीहरूले Answer Sheet मा विश्वविद्यालयले तोकेको कालो Gel Pen ले मात्र अंकित गर्न पर्नेछ ।

८) परीक्षा दिंदा परीक्षार्थीहरूले आवश्यक Rough गर्नु परेमा Question Booklet मा गर्न सकिनेछ ।

९) Answer Sheet मा केही केरमेट गर्न पाउने छैन । Answer Sheet मा परीक्षार्थीले आफ्नो नाम, रोल नं. र दस्तखत गर्दा ध्यानपूर्वक सहि ठाउमा सहि विवरण भर्नुपर्नेछ । कुनै कारण गल्ती भएमा नया Answer Sheet दिइने छैन ।

१०) Question सम्बन्धित निरीक्षक संग कुनै पनि सोधपुछ गर्न पाइने छैन ।

११) परीक्षार्थीहरूले परीक्षा प्रारम्भ भएको १ घण्टाभन्दा अगाडि आफ्नो सिट र परीक्षा भवन छाड्न पाइने छैन ।

१२) परीक्षाथीहरूल] Question Booklet **र** Answer Sheet अनिवार्यरूपमा बुझाउनु पर्नेछ .